चुरे संरक्षणमा चुनौती

- खेतीयोग्य जमिन मासिँदै
- 'त्रियुगाधार' मा सिँचाइ र खानेपानी अभाव
- तल्लो तटीय क्षेत्रका बस्ती बढी जोखिममा
- खोलाको सतह फराकिलो हुँदै

डिल्लीराम खतिवडा र भरत जर्धामगर

उदयपुर/लहान- कमलादेखि सप्तकोसी नदीसम्म पूर्वपश्चिम फैलिएको चुरे वन संरक्षण चुनौतीपूर्ण बन्दै गएको छ। चुरेको माथिल्लो क्षेत्र उदयपुरतर्फ मात्रै घना जंगल छ। सिराहा र सप्तरीको जंगल क्षेत्र लगभग मासिइसकेको छ।

उदयपुर, सिराहा र सप्तरीको सामूहिक प्रयासमा मात्रै चुरे संरक्षण हुन सक्ने भन्दै तीनै जिल्लाका सामुदायिक वनको पदाधिकारीले गत वर्ष संरक्षण चुनौतीका विषयमा छलफल गरेका थिए। तर पहल प्रभावकारी हुन नसकेको हो। 'चुरे विनाश रोक्न तीनै जिल्लाका सामुदायिक वन उपभोक्ता समूहको साझा सञ्जाल आवश्यक छ,' कुसुमबोट सामुदायिक वन उपभोक्ता समूह पञ्चावतीका पूर्वअध्यक्ष केशव पाण्डेले भने, 'उदयपुर संरक्षण गर्ने र सिराहा तथा सप्तरीका उपभोक्ता चोरी गर्ने भएपछि संरक्षण सम्भव हुन सक्दैन।' चुरे सबैको साझा जंगल हो। यसको संरक्षण भए मात्रै आसपासका वासिन्दाको जीवनयापन सहज हुन्छ भन्ने चेतना विकास हुनु आवश्यक रहेको उनले बताए।

जिल्ला वन कार्यालय उदयपुरका वरिष्ठ वन अधिकृत देवेन्द्रलाल कर्णले चुरेको भौगोलिक अवस्थाका कारण पनि संरक्षणमा समस्या रहेको बताए। 'चुरेमा तल (सिराहा र सप्तरी) बाट आक्रमण बढी छ, चोरीनिकासी भइरहेको सूचना राए पनि भनेको समयमा घटनास्थल पुग्न पक्कै अवस्था छैन,' उनले भने।

वन विनाश निरन्तर

चुरे क्षेत्रमा हुने वन विनाशका कारण भूमिगत जलाधारमा असर पर्न गई खहरेको विकास र भूक्षय बढ्दै गएपछि 'त्रियुगाधार' (त्रियुगा नदी आसपासको क्षेत्र) मा खेतीयोग्य जमिन मासिँदै गएको छ। जमिनको विनाशसँगै सिँचाइ र खानेपानी अभाव हुँदै गएको हो। चुरेबाट बग्ने करिब १९ खोला खहरेले मार्ग परिवर्तन गर्दा खेतीयोग्य जमिनको विनाश हुँदै गएको छ। खोला खहरेको मार्ग परिवर्तनसँगै तल्लो तटीय क्षेत्रका मानव बस्तीसमेत खतरामा परेका छन्। परिपक्व भई नसकेको भूवनोट रहेको चुरे पहाडबाट ढुंगा, गिट्टी र बालुवाको दोहन हुँदा यस क्षेत्रमा वातावरणीय असर देखिन थालेका छन्। जसका कारण मधेस, महाभारत क्षेत्र र तराईमा समेत प्रतिकूल असर परी कृषिमा संकट देखापरेको किसानले बताए।

माथिबाट बगेर आएका खोला खहरेबाट अनियन्त्रित गिट्टी बालुवा उत्खननले तल्लो क्षेत्रमा गेगर थुप्रिएर खोला नदीको सतह बढ्न गई बाढीको प्रकोप देखिन थालेको हो। त्रियुगाको केही स्थानमा नदीको सतह घटन गई सिँचाइ र खानेपानीमा समस्या भएको छ। 'अस्थिर सतहको माटो क्षय भएकाले माटाको उर्वरता र पानी धेरन सक्ने क्षमतामा ह्रास आएकाले वर्षाको पानी रोक्न नसकदा बाढी तथा सुक्खा याममा खेडेरी हुने गरेको छ,' वेल्टार गाविसका पूर्वअध्यक्ष राजेन्द्र कटुवालले भने, 'खोला खहरेमा पानीको सतह तलमाथि हुँदा भावर क्षेत्रका सर्वसाधारणमा खानेपानीको समस्या छ।'

संरक्षणमा चासो

राष्ट्रपति चुरे संरक्षण कार्यक्रममा गैरसरकारी संस्थाले पनि काम गरिरहेको छ। सीमितसंग मिलेर मूलधार महिला सेवा केन्द्रले तीन महिनायता काम थालेको हो। वन, भूसंरक्षण, कृषि र पशु सेवा कार्यालयलगायत ५ वटा सरकारी कार्यालयले संयुक्त रूपमा काम गरिरहेकै अवस्थामा गैरसरकारी संस्थाले पनि काम थालेको छ। जिल्लाको वेल्टारबसाहा, त्रियुगा र कटारी नगरपालिकासहित १८ गाविसमा चुरे फैलिएको छ। ती क्षेत्रमा केन्द्र अभिमुखीकरण सरक्षणका लागि चेतनामूलक सन्देश प्रसारण, सरोकारवालासँग अन्तरक्रिया, संरक्षण अलव गठनजस्ता काम गरिरहेको केन्द्रकी अध्यक्ष नजबुल खानले बताइन्। चुरे संरक्षणका लागि सर्वसाधारण अत्योलमा रहेकाले उनीहरूलाई परिचालन गरी केन्द्रले काम गरिरहेको केन्द्रका कार्यक्रम संयोजक फिरोज खानले बताए।

अनियन्त्रित दोहन

सिराहाको चुरे क्षेत्रबाट तस्करहरूले काठ र ढुंगा चोरीनिकासी गर्न थालेपछि जंगल मासिने क्रम बढेको हो। जिल्लाको डोढना, विष्णुपुरकट्टी, तरंगना गोविन्दपुर, बन्दीपुरलगायतका नाकाबाट काठ र ढुंगा चोरीनिकासी बढेको हो। एउटा नाकाबाट दिनमा १४-१५ जनाले चिरान सानुको काठ र ढुंगा ट्याक्टरमा हालेर भारतीय सीमाबर्ती बजार र गाउँ क्षेत्रमा बिक्री गर्न गरेको स्थानीयवासीले बताए। 'तस्करहरूले रातको समयमा काधवरियामार्फत लैजान्छन्,' डोडनाका एक स्थानीयवासीले भने, 'उनीहरूले चुरे क्षेत्रबाट चोरी गरेको काठ बजार क्षेत्रलगायत भारतीय सीमाबर्ती बजारमा पुऱ्याउने गरेका छन्।' रातको समयमा काठ चोरीनिकासी हुने गरे पनि नियन्त्रणमा लिन खोज्दा ज्यान मार्ने धम्की दिने गरेको र केही दिनयता चोरीनिकासी तीव्र भएको स्थानीयवासीले बताए। चुरे क्षेत्रको अधिकांश सामुदायिक वन क्षेत्रबाट काठ ओसारपसार गरे पनि वन कार्यालय र उपभोक्ताले नियन्त्रणमा लिन सकेका छैनन्।

ढाउराका लागि वन मासिँदै

काठ र ढुंगा चोरीनिकासीसँगै गुजाराका लागि ढाउरा बिक्री गर्न रूख कटानसमेत हुन थालेपछि चुरे विनाश बढेको छ। सिराहाको उत्तरी चुरे वनबाट लहान बजारमा मात्र सप्तरीको जर्दिया, दौलतपुर, कडोरबोना, बाहुना, कमलपुर र सिराहाका डोढना, तरंगना गोविन्दपुरलगायत एक दर्जनभन्दा बढी गाउँका चार सयले दैनिक जंगलबाट ढाउरा ल्याई बिक्री गरेर गुजारा चलाएको छन्। सिराहाको गोलबजार क्षेत्रमा ढाउराको बजार बढ्दो छ। चोहर्वा हुँदै मदरमुकाममा ढाउरा बिक्री गर्न लैजानेहरूको लामो लाइन देख्न सकिन्छ। अधिकांश सुकुम्बासी परिवार ढाउरा बिक्रीमा आश्रित छन्। ढाउरेहरूले सुकेको डलापडा रूख बाहेक राष्ट्रिय वनबाट हरियो रूखसमेत कटान गरी ढाउरा बनाएर बिक्री गर्न थालेपछि वन क्षेत्र उजाडिन सुरु भएको हो।

सिराहाको चुरेमा मात्र जंगल क्षेत्र छ। त्यही पनि ढाउराका रूपमा प्रयोग हुन थालेपछि राष्ट्रिय वन क्षेत्र उजाडिन थालेको लहान १६ स्थित कृष्ण सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष गौरीनारायण चौधरीले बताए। 'बजार क्षेत्रबाट राष्ट्रिय वनमा ढाउरा लिन जानेको जुलुस नै लाग्छ,' उनले भने, 'यही अवस्था रह्यो भने वन सकिन धेर लाग्दैन।' जिल्ला वन कार्यालयको तथ्याकअनुसार सिराहामा २८ हजार १ सय ५५ दशमलव ९५ हेक्टर वन क्षेत्र छ। तीमध्ये १४ हजार ८६ हेक्टर वन ८९ वटा सामुदायिक वनमा हस्तान्तरण छ। १ हजार ७ सय ७३ हेक्टर वन अतिक्रमणमा परेको छ। वनको तथ्याकअनुसार अतिक्रमण दर सिराहामा घट्दो छ। वन कार्यालय लहानले ढाउरेलाई रोक लगाए पनि काठ तस्करीमा कडाइ गरेको जनायो।

ढाउरासँगै काठ र ढुंगा चोरीनिकासी तीव्र भएपछि नागो बनेको सिराहाको उत्तरवर्ती चुरे क्षेत्र। *तस्बिर : भरत कान्तिपुर*

खोलाको सतह बढ्यो

राष्ट्रिय तथा सामुदायिक वन फँडानी भइरहेका कारण वर्षायाममा सिराहाको विभिन्न खोलानालाको सतह बर्सेनि फराकिलो हुँदै गएको छ। भूसंरक्षण कार्यालयका अनुसार वन फँडानी र अतिक्रमणले गत १० वर्षदेखि विभिन्न खोलानालाहरूमा प्रतिवर्ष १५ सेन्टिमिटरका दरले सतह फराकिलो हुँदै गएको छ। वृद्धि भइरहेको सतहका कारण वर्षायाममा सिराहाको दक्षिणी गाउँहरूमा बाढी र वर्षाका कारण जमिन कटान र डुबानको चपेटामा पर्छ। उत्तरी क्षेत्रमा रहेको चुरे पर्वतको कमजोर भाग भूक्षय भई वर्षायाममा बगेर तराईको उर्वर भूमि बगाउने गरेको छ। 'सबै मिलेर वन फँडानी नियन्त्रण गर्न सकेमा तराईमा भइरहेको खोला नदीहरूको सतह बृद्धिलाई रोक्न सकिने कार्यालयले जनाएको छ।